# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय

### *सूचना तथा प्रकाशन शाखा*

## राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक) जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ३६३/०७८-७९** प्रकाशन मिति २०७८/०७/२४

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने राजपत्रांकित तृतीय श्रेणीका देहायका प्राविधिक पदहरुका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७८/०८/२८ सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा दरखास्त बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन । यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरुलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरु**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ ।
(ख) निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि बढुवा हुने पदको श्रेणी भन्दा एक श्रेणी मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछ ।
(ग) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।
(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
(ङ) दरखास्त साथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
(च) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।
(छ) दरखास्त दस्तुर रु. १०००।- (एक हजार) बुझाउनु पर्नेछ ।

| क.सं.. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | १२५/०७८-७९ | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | १ (एक) |
| २. | १२६/०७८-७९ | इञ्जिनियर, इञ्जि., सिभिल, जनरल | १२ (बाह्र) |
| ३. | १२७/०७८-७९ | इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | ४० (चालीस) |
| ४. | १२८/०७८-७९ | इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी | २ (दुई) |
| ५. | १२९/०७८-७९ | इञ्जिनियर, इञ्जि., सिभिल, वि. एण्ड आ. | १८ (अठार) |
| ६. | १३०/०७८-७९ | इञ्जिनियर, इञ्जि., सिभिल, इरिगेशन | १५ (पन्ध्र) |
| ७. | १३१/०७८-७९ | इञ्जिनियर, इञ्जि., सिभिल, हाइड्रोपावर | १ (एक) |
| ८. | १३२/०७८-७९ | इलेक्ट्रिकल इञ्जिनियर, इञ्जि. इलेक्ट्रिकल. जनरल इलेक्ट्रिकल | १ (एक) |
| ९. | १३३/०७८-७९ | मेकानिकल इञ्जिनियर, इञ्जि., मेकानिकल, जनरल मेकानिकल | १ (एक) |
| १०. | १३४/०७८-७९ | माइनिङ इञ्जिनियर, इञ्जि., माइनिङ | १ (एक) |
| ११. | १३५/०७८-७९ | मेट्रोलोजिष्ट, इञ्जि., मेट्रोलोजी | १ (एक) |
| १२. | १३६/०७८-७९ | मेटेरियोलोजिष्ट., इञ्जि., मेटेरियोलोजी | १ (एक) |
| १३. | १३७/०७८-७९ | जियालोजिष्ट, इञ्जि., जियोलोजी, जनरल जियोलोजी | १ (एक) |
| १४. | १३८/०७८-७९ | नापी अधिकृत, इञ्जि., सर्भे | ६ (छ) |
| १५. | १३९/०७८-७९ | पशु विकास अधिकृत, कृषि, ला.पो. एण्ड डे.डे. | २ (दुई) |
| १६. | १४०/०७८-७९ | वाली विकास अधिकृत, कृषि, बाली विकास | १ (एक) |
| १७. | १४१/०७८-७९ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | ११ (एघार) |
| १८. | १४२/०७८-७९ | खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु. नि. | ४ (चार) |
| १९. | १४३/०७८-७९ | सहायक वन अधिकृत, वन, जनरल फरेष्ट्री | ३ (तीन) |
| २०. | १४४/०७८-७९ | सहायक अनुसन्धान अधिकृत, वन, फरेष्ट रिसर्च | १ (एक) |
| २१. | १४५/०७८-७९ | सहायक वैज्ञानिक अधिकृत, वन, बोटानी | १ (एक) |
| २२. | १४६/०७८-७९ | सहायक संरक्षण अधिकृत, वन, ने.पा. एण्ड वा.ला. | २ (दुई) |
| २३. | १४७/०७८-७९ | कम्प्युटर इञ्जिनियर, विविध | ११ (एघार) |
| २४. | १४८/०७८-७९ | वातावरण निरीक्षक, विविध | ३ (तीन) |
| २५. | १४९/०७८-७९ | विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | ३ (तीन) |
| २६. | १५०/०७८-७९ | छविकार, शिक्षा, कला, छविकला | १ (एक) |
| २७. | १५१/०७८-७९ | संग्रहालय अधिकृत, शिक्षा, पुरातत्व, संग्राहालय | १ (एक) |